# शिक्षाका लागि राष्ट्रिय अभियान, नेपाल
## नवौं वार्षिक साधारणसभा–२०७५
## महासचिव डिल्लीराम सुवेदीद्वारा प्रस्तुत तथा पारित साङ्गठनिक प्रगति प्रतिवेदन
## २०७५ मङ्सिर १६ (२ डिसेम्वर, २०१८)

### १. संक्षिप्त सन्दर्भ

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) को नवौं साधारण सभाका अध्यक्षज्यू, पदाधिकारी, सदस्य एवं सल्लाहकारज्यूहरु, साधारण सदस्यज्यूहरु, एनसिई नेपाल जिल्ला समन्वय समितिका संयोजक एवम् प्रतिनिधि साथीहरु तथा सचिवालयका साथीहरुलाई यस शिक्षाको लागि राष्ट्रिय अभियान नेपालको नवौं वार्षिक साधारण सभामा संस्थाको महासचिवको हैसियतले हार्दिक स्वागत अभिवादन ब्यक्त गर्दछु ।

सन् २००३ देखि निरन्तररुपमा सबैका लागि गुणस्तरीय, समावेशी तथा समतामूलक शिक्षा अधिकार सुनिश्चित गर्न दृढतापूर्वक लागिरहेको यस अभियानले आजको दिनसम्म आइपुग्दा डेढ दशकको आफ्नो यात्रा तय गरेको छ । शुरुवातमा शिक्षाका लागि विश्वव्यापी अभियान (जिसिई) को सदस्य रही सप्ताहव्यापी कार्यक्रम (Global Action Week) बाट आफ्नो यात्रा तय गरेको यस एनसिई नेपालले आफ्ना सदस्य संस्थाहरु, सल्लाहकारहरु, साझेदार संस्थाहरु तथा विभिन्न शुभचिन्तकहरुको सक्रिय सहयोगले आज शिक्षा अधिकारको अभियानमा महत्वपूर्ण श्रोतकेन्द्रको रुपमा विकसित भएको छ । सन् २००३ मा १७ सस्थापक सदस्य संस्था रहेका यस अभियानमा हालसम्म आइपुग्दा ३९ जिल्लामा ३३९ सदस्य संस्थाहरु आवद्ध रहेकाछन् । स्थानीयस्तरमा रहेका सदस्य संस्थाहरुले शिक्षालाई समुदाय स्तरबाटै अधिकारको रुपमा स्थापित गर्न र शिक्षामा सबै समुदायको समान, सहज र न्यायोचित पहुँच सुनिश्चित गर्दै समतामूलक, समावेशी र गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न यस अभियानलाई निकै मद्दत पुऱ्याएका छन् ।

देशको राजनैतिक तथा संरचनात्मक परिवर्तनले शिक्षा क्षेत्रमा समेत आमूल परिवर्तन ल्याएको छ । लामो समयको संघर्ष पश्चात नेपालले स्थिर राजनैतिक अवस्था प्राप्त गरेको छ । नेपालको संविधान (२०७२) ले सबै बालबालिकालाई अनिवार्य तथा निशुल्करुपमा आधारभूत शिक्षा र निशुल्क माध्यामिक शिक्षाको प्रत्याभूत गरेको छ । सो अधिकारलाई कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी विधेयक संसदबाट केही महिना अघिमात्र पारित भएको छ । माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने मुख्य दायित्व संविधानतः स्थानीय सरकारको रहेको छ । मुलुकको वदलिँदो परिस्थितिअनुरुप शिक्षा नीति तथा समग्र शिक्षा संरचनाको सिफारिस गर्न सरकारले उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरेको छ र सो आयोग आफ्नो प्रतिवेदन तयार गर्ने क्रममा छ । प्रत्येक स्थानीय सरकार तथा प्रादेशिक सरकारहरु आ–आफ्नो शिक्षा नीति बनाउने क्रममा रहेका छन् । दिगो विकास लक्ष्य हासिल गर्ने तथा विद्यालय क्षेत्र विकास योजना कार्यान्वयन गर्ने क्रममा रहेको छ ।

शिक्षा क्षेत्रमा हुने राजनीतिक, नीतिगत र संरचनात्मक परिवर्तनले अत्यन्तै सीमान्तकृत समुदाय, अपाङ्गता भएका बालबालिका, श्रम शोषणमा परेका तथा जोखिम परिस्थितिका बालबालिका, विपन्न परिवारका बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक बालबालिका गुणस्तरीय शिक्षाको अधिकारबाट वन्चित हुनु नपरोस् भन्ने अभिप्रायका साथ एनसिई नेपाल सदैव क्रियाशीलरुपमा लागिरहेको छ । राष्ट्रियस्तरमा जनतासँग गरेका प्रतिवद्धताहरु सँगसँगै सरकारले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताहरुप्रति पनि स्थानीयदेखि संघीय सरकारलाई जवाफदेही बनाउने कार्यमा यस अभियान निरन्तर लागिरहेको छ ।

अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, अव म यस सभामा यस वर्षका मुख्य उपलब्धीहरु पेश गर्दछु । यी उपलब्धी प्राप्त गर्ने क्रममा गरिएका कृयाकलापहरुको विस्तृत विवरण अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

## २. मुख्य उपलब्धी

### २.१ रणनीतिक उद्देश्यहरु

संविधानतः शिक्षालाई नागरिकको मौलिक अधिकारका रूपमा स्वीकारिएको भएता पनि सार्वजनिक शिक्षाको अवस्था अपेक्षा गरेअनुरूप सहज र प्रभावकारी हुन सकेको छैन । सरकारले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मंचहरूमा शिक्षामा कूल बजेटको कम्तिमा १५ देखि २० प्रतिशत र कूल ग्राह्स्थ उत्पादनको कम्तिमा ४ देखि ६ प्रतिशत बजेट छुट्याउने प्रतिवद्धता गरेको भएता पनि शिक्षाको कूल बजेट करिब १० प्रतिशतको हाराहारीमा छ । सरकारले विद्यालय शिक्षामा पर्याप्त लगानी गर्न नसक्दा विभिन्न शीर्षकमा अभिभावकबाटै सहयोगको नाममा रकम असुलिने गरेको पाइन्छ । एकातिर संविधानबाटै निःशुल्क शिक्षाको प्रतिवद्धता, अर्कोतिर सरकारी विद्यालयमा समेत शुल्क असुली र निजी विद्यालयहरुमा व्यापारमूखी शिक्षा विरोधाभाषपूर्ण छुन् ।

सार्वजनिक विद्यालयहरूमा शिक्षकहरूको दरबन्दी पर्याप्त नभएका कारण शिक्षक र विद्यार्थी अनुपात मिलेको छैन । कतिपय विद्यालयहरूले निजी स्रोतमार्फत शिक्षकहरूको व्यवस्थापन गर्नु परिरहेको छ । एनसिई–नेपालद्वारा यसै बर्ष गरिएको एक अध्ययन (२०७५) ले करिब ७६ हजार शिक्षक सार्वजनिक विद्यालयहरूमा अभाव रहेको देखाएको छ । शिक्षक अभावको प्रत्यक्ष मार विद्यार्थीहरूलाई परिरहेको छ । यसका साथै एकातिर विद्यालयभित्र सुशासनको अभावमा स्रोतको दुरूपयोग भइरहेको छ भने अर्कोतिर बालबालिका पर्याप्त स्रोतको अभावमा गुणस्तरीय शिक्षाको अधिकारबाट वञ्चित छन् । व्यवस्थित ढंगबाट अधिकारमा आधारित सूचक बनाएर गरिने अनुगमन हुन नसक्दा सार्वजनिक विद्यालयहरूका मूल समस्यातर्फ सरोकारवालाहरुको ध्यान जान सकेको छैन । अधिकांश सार्वजनिक विद्यालयहरू बालमैत्री तथा अपांगतामैत्री छैनन् ।

माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व संविधानले नै स्थानीय सरकारलाई प्रदान गरिसकेको अवस्थामा नेपालको सार्वजानिक शिक्षाको सुधारको दायित्व पनि स्थानीय सरकारको काँधमा आएको छ । मुलुकमा सबै तहमा सरकार गठन र क्रियाशीलतापश्चात राजनीतिक स्थायित्व पनि बनेको छ र सरकारले “समृद्ध नेपाल, सुखी नेपाली“ को अवधारणासहित अघि वढिरहेको छ । तर समृद्धीको एउटा निकै महत्वपूर्ण सूचक “सार्वजनिक शिक्षा“ भने सरकारको प्राथमिकताको विषयमा पर्न सकेको देखिंदैन । सार्वजानिक शिक्षाको सवलीकरण समृद्धिको आधार हो । देशको सार्वजनिक शिक्षाको गुणस्तर बृद्धि नगरेसम्म नत देशको विकास सम्भव छ नत आम मानिसको गुमेको विश्वास आर्जन गर्न सम्भव छ । तसर्थ गुणस्तरीय सार्वजानिक शिक्षाको लागि नागरिकको तर्फबाट निरन्तर अभियान तथा खवरदारीको आवश्यकता छ । यीनै परिवेशमा एनसिई नेपालले आफ्नो अभियानलाई निरन्तर संचालन गरिरहेको छ ।

***क. वकालत तथा पैरवी***

- यस बर्ष पनि एनसिई नेपालले राजनीतिक दलहरुसँगको सम्पर्क तथा समन्वयलाई निरन्तरता दिइएको छ । शिक्षा अधिकारको मुद्दाहरुलाई राजनीतिक दलहरुको प्रमुख एजेण्डाहरुमा समावेश गराउन नागरिक समाजको तर्फबाट नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । साथै राजनीतिक दलहरुका चुनावी घोषणापत्रहरुमा भएका शिक्षा सम्बन्धी विषयहरुको कार्यान्वयनलाई नियमन गर्ने काम पनि निरन्तर गरिएको छ ।
- सार्वजानिक शिक्षाको सुदृढीकरणको विषय समाजमा बहसको प्रमुख विषय बन्ने गरेको छ । यसमा एनसिई नेपालले चलाएको अभियान, बहस, छलफल तथा पैरवीले समेत थप योगदान गरेको छ । ।

- एनसिई नेपालले सार्वजनिक शिक्षा क्षेत्रमा सुधार तथा विकासको लागि विगत ५ बर्षदेखि उच्चस्तरीय शिक्षा आयोगको आवश्यकता रहेको कुरा उठाउँदै आएको थियो । यस बर्ष नेपाल सरकारद्वारा उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग गठन भएको छ । त्यस आयोगको सदस्यका रुपमा एनसिई नेपालका कार्य समिति सदस्य, सल्लाहकार तथा पूर्व कार्यसमिति सदस्यहरु नियुक्ति हुनुसमेत एनसिई नेपालको लागि गौरवको विषय हो । साथै जनसमुदायको चाहना र आवश्यकतालाई आयोगको प्रतिवेदनमा समावेश गराउन एनसिई नेपालले विभिन्न १३ वटा विषयगत छलफल गरी नागरिक समाजको संयुक्त प्रतिवेदन तयार गरी उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगका अध्यक्ष तथा सम्पूर्ण सदस्यहरुलाई बुझाउने कार्यमा एनसिई नेपालले अगुवाई गरेको छ । सो विषयगत छलफलहरुमा शिक्षा आयोगका सदस्यहरुको सक्रिय सहभागिता तथा सुझावहरु आफ्नो प्रतिवेदनमा समेट्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।
- यस अभियानले "अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" मस्यौदा विधेयकमा नागरिक समाज, एनसिई नेपाल जिल्ला समन्वय समिति तथा शिक्षासम्वद्ध सरोकारवालाहरुका बीचमा व्यापक छलफल चलाई सुझावहरु संकलन गरेको थियो । संकलित सुझावका आधारमा सम्पूर्ण नागरिक समाजको तर्फबाट उक्त विधेयकको विद्यमान प्रावधानमा संशोधन र निःशुल्क र अनिवार्य शिक्षाको संवैधानिक मर्मबमोजिम थप गर्नुपर्ने सुझावसहित तीन महले प्रस्ताव तयार गरी व्यवस्थापिका संसदको शिक्षा तथा स्वास्थ्य समितिका माननीय सदस्यहरु, व्यवस्थापिका संसदका अन्य सदस्य र राष्ट्रिय सभाका सदस्यहरुलाई हस्तान्तरण गरेको थियो । नागरिक समाजको सो सुझावका आधारमा पारित विधेयकमा निशुल्क तथा अनिवार्य शिक्षाको परिभाषा गरिएको छ । साथै निशुल्क शिक्षालाई व्यवहारतः कार्यान्यवयन गर्न आवश्यक पर्ने पाठ्यसामग्री, पोशाक, दिवाखाजा, स्वास्थ्य उपचार आदिको व्यवस्था गर्नेजस्ता पक्षहरु परिवर्तन समेत भएको छ ।
- शिक्षा अधिकारका समसामायिक विषयहरु जस्तैः शिक्षामा लगानी वृद्धिका विकल्पहरु, विद्यालय सुशासन र जवाफदेहिता, संघीय संरचनामा शिक्षा र सुशासनको सवाल, बालिका शिक्षामा सुरक्षाको सवाल आदिमा संघीय, प्रादेशिक तथा स्थानीय तह मा समेत समय समयमा छलफल गरी सरकारलाई ध्यानाकर्षण गर्ने कार्य गरिएको छ । यस किसिमका छलफलहरु एनसिई नेपाल जिल्ला समन्वय समितिहरुले जिल्लास्तर तथा स्थानीयस्तरमा स्वयम्ले पनि आवश्यकताअनुसार आयोजना गरेकाछन् जसले गर्दा स्थानीय सरकारको क्षमता अभिवृद्धि तथा वहशपैरवी भएको छ भने अर्कोतिर प्रदेश तथा स्थानीय सरकारहरुसँग एनसिई नेपालको साझेदारितामा समेत अभिबृद्धि भएको छ ।
- दिगो विकास लक्ष्य ४ बारे नागरिक समाजका प्रतिनिधिहरुलाई सचेतीकरण गरी सो लक्ष्य प्राप्तिका निमित्त उनीहरुको आ-आफ्नो तर्फबाट जवाफदेहिता सुनिश्चित गर्न अभिमुखीकरण, बहश तथा पैरवी गर्ने कार्यमा एनसिई नेपाल पर्वत, पाल्पा, मोरङ्ग, झापा, बाँके, धनुषा, महोत्तरी, दाङ्ग, दैलेख, रोल्पा, कपिलवस्तु, रुपन्देही, कास्की, मकवानपुर, चितवन र नवलपरासी जिल्लाका जिल्ला समन्वय समिति तथा सदस्य संस्थाहरुको भूमिका निकै महत्वपूर्ण रहेको थियो । साथै "हामी सबैको इच्छा, अनिवार्य र निःशुल्क आधारभूत शिक्षा" भन्ने नाराका साथ शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय सरकारहरुको समन्वयमा विद्यालय भर्ना अभियान २०७५ सफल बनाउनका निमित्त एनसिई नेपालका सदस्य संस्थाहरु र जिल्ला समन्वय समितिहरुको सक्रिय भूमिका रहेको थियो ।
- शिक्षाका लागि विश्वव्यापी अभियानको सन्दर्भमा यस अभियानले जिल्ला समन्वय समिति तथा सदस्य संस्थाहरुको सहजीकरणमा २५ जिल्लाका २०० विद्यालयहरुबाट करिब ५,००० बालबालिकाहरुले सम्माननीय प्रधानमन्त्रीलाई सम्वोधन गरी सार्वजानिक शिक्षा सुधारका मागसहित लेखेका पत्र प्रधानमन्त्रीलाई हस्तान्तरण गर्दै बालबालिकाहरुको मागलाई शीघ्र संवोधन गर्न दवावसमेत दिने कार्य गरेको थियो । बालबालिकाले लेखेका पत्रहरुमा विद्यालयमा उपयुक्त भौतिक पूर्वाधारको विकास गर्ने, शिक्षकको उपस्थितिलाई नियमित

बनाउने, विद्यालयमा आवतजावत गर्न यातायातको व्यवस्था गर्ने, विद्यालयमा जातीय भेदभावको अन्त्य गर्ने र छात्रा विद्यार्थीमाथि हुने दुर्व्यवहारको अन्त्य गर्नेजस्ता मागहरु समावेश गरेका थिए ।

- राजनीतिक दलका युवा विद्यार्थी संगठनहरुसँगको सहकार्य तथा समन्वय विस्तार गरी उनीहरुलाई शैक्षिक मुद्दा एवं दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास कार्यक्रमजस्ता नीतिगत कार्यक्रमहरुप्रति चेतनाको विकासमा सहयोग गरिएको छ ।
- राष्ट्रिय योजना आयोगको अगुवाईमा नेपाल सरकारले तयार गरिरहेको आगामी २५ वर्षको शिक्षाको दूरदृष्टि निर्माण कार्यमा समेत एनसिई नेपालले राष्ट्रिय योजना आयोगसँग सहकार्य गरिरहेको छ । राष्ट्रिय योजना आयोग स्वंयम्ले एनसिईलाई विषयगत विज्ञको रुपमा उक्त प्रस्ताव गर्नु महत्वपूर्ण उपलब्धी हो ।
- यस बर्ष एनसिई नेपालले गरेका अभियान, वकालत, पैरवी, बहस र छलफल कार्यक्रममा स्थानीय, प्रदेश र संघीय तहमा समेत गरी करिब ५० हजार जनसमुदायको प्रत्यक्ष सहभागिता र ऐक्यवद्धता रहेको थियो ।

## *ख. अनुसन्धान तथा प्रकाशन*

- संघीय, प्रादेशिक तथा स्थानीय सरकारले सार्वजनिक गरेको यस आर्थिक बर्षको आयव्ययको विवरणको छुट्टाछुट्टै विश्लेषणात्मक अनुसन्धान गरी शिक्षा क्षेत्रमा त्यसको प्रभाव र अघिल्लो आर्थिक वर्ष २०७४/७५ को बजेटको कार्यान्वयन अवस्थावारे अध्ययन गरी एनसिई नेपालले सार्वजनिक गरेको छ । यी अध्ययनहरु एनसिई नेपालको वकालत तथा पैरवी अभियानको निमित्त निकै महत्वपूर्ण रहेकाछन् ।
- संविधानतः सुनिश्चित गरिएको सवैका लागि निःशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्नका निमित्त शिक्षामा कति लगानी अपर्याप्त छ र त्यो कुन कुन क्षेत्रमा रहेको छ भन्ने तथ्यलाई उजागर गर्ने गरी एनसिई नेपालले पहिलो पटक "Research on Education Financing GAP" नामक अध्ययन गरेको छ, जुन अध्ययन नेपाल सरकार, दातृ निकाय तथा नीति निर्माताहरुलाई समेत योजना प्रकृयामा महत्वपूर्ण सुचनाको रुपमा उपयोगी भएको छ ।
- शिक्षामा भएको लगानीको प्रभावकारिताबारे अध्ययन गरी एनसिई नेपालले शिक्षामा लगानीको एक भिन्न आयाम दर्शाउने प्रयत्न गरेको छ । हालसम्म शिक्षामा लगानी अपर्याप्तताको मात्रै चर्चा हुने गरेको सन्दर्भमा विद्यमान लगानीको उचित प्रतिफल नभएको तथ्य उजागर गर्दै सो अध्ययनले शिक्षामा लगानीको अप्रयाप्तता पूरा गर्न प्रभावकारी खर्च र बजेटको प्रभावकारितासमेत वैकल्पिक उपायको रुपमा सुझाएको छ ।
- यस वर्ष एनसिई नेपालले प्रथम पटक नागरिक समाज शिक्षा प्रतिवेदन (Civil Society Education Report) प्रकाशित गरी सरकारी तथ्याङ्कलाई नागरिकको तर्फबाट टिप्पणी गर्ने कार्यको शुरुवात गरेको छ ।
- संघीयता कार्यान्वयनपश्चात विभिन्न सूचकहरुका आधारमा सवै प्रदेशहरुको शिक्षाको अवस्था विश्लेषण गरी सार्वजनिक गर्ने काम गरेको छ । प्रदेशगत शैक्षिक अवस्था चित्रणले सरकार, नागरिक समाज तथा शिक्षा सरोकारवालाहरुलाई कुन शैक्षिक सूचकमा कुन प्रदेशमा थप कार्य गर्नुपर्ने आवश्यकता रहेछ भन्ने विश्लेषण गर्न सहजता प्रदान गरेको छ ।
- एनसिई नेपालले विद्यालय क्षेत्र विकास योजनाको दुई वर्षे कार्यान्वयनको प्रदेशगत अवस्थावारे पनि अध्ययन गरेको छ ।
- यस अवधिमा एनसिई नेपालले पाक्षिक पत्रिका, जर्नल पुस्तिका प्रकाशन गरी वितरण गर्ने कार्यलाई नियमितता दिएको छ ।

## *ग. क्षमता अभिबृद्धि*

- देश संघीय संरचनामा प्रवेश गरेसँगै स्थानीय जनप्रतिनिधिहरुलाई शिक्षा अधिकारको बारेमा सुसुचित गर्ने तथा श्रोत सामग्री तयार गरी सातवटै प्रदेशहरुमा पुऱ्याउनका लागि पहल भएको छ । यसको फलस्वरुप जनप्रतिनिधिहरुको शिक्षामा चासो तथा सरोकार वढ्दो रहेको छ ।

- शिक्षासम्वद्ध नीति नियमहरुको विश्लेषण, तथ्याङ्क संकलन तथा सो तथ्याङ्कहरुको विश्लेषण लगायतका कार्यका निमित्त एनसिई नेपाल जिल्ला समन्वय समितिका संयोजक वा प्रतिनिधिहरुको क्षमता अभिवृद्धि भएको छ । एनसिई नेपाल जिल्ला समन्वय समिति तथा समुदायस्तरका संघसंस्थाहरुको क्षमता अभिवृद्धि गरी जिल्लास्तरमा शैक्षिक सूचक तयार गरी जिल्लाको शैक्षिक अवस्था पत्ता लगाउन स्वयम् जिल्लालाई नै अभिप्रेरित गरी उनीहरुको क्षमता अभिवृद्धि तथा अपनत्व विकास गर्ने काम भएको छ ।
- अवको शिक्षा प्रणालीको रुपान्तरण युवा सशक्तीकरणबाट मात्र सम्भव हुने धारणालाई आत्मसाथ गर्दै एनसिई नेपालले नेपालको सार्वजानिक शिक्षाका विभिन्न सवालहरूमा राजनीतिक दलका युवा नेतृत्वहरूको क्षमता अभिवृद्दि गरी उनीहरूलाई सार्वजानिक शिक्षा सुदृढीकरणको सवालमा वकालत तथा पैरवी गर्न उत्प्रेरित गरेको छ ।

***<u>घ. राष्ट्रिय अन्तर्राष्ट्रिय सम्वन्ध</u>***

- यस वर्ष एनसिई नेपालले शिक्षाका लागि विश्वव्यापी अभियान (जिसिई) को छैठौं विश्व सम्मेलन आयोजना गर्न सफल भएको छ । विश्वका १२० भन्दा बढि देशहरुबाट ३०० भन्दा बढि प्रतिनिधिहरु रहेको उक्त सम्मेलनको आयोजनाले एनसिई नेपालको क्षेत्रीय तथा अन्तर्राष्ट्रिय नागरिक समाजका संजालहरुसँगको सम्बन्ध विस्तारित भएको छ । यसका साथै एसिया प्यासिफिक क्षेत्रलाई प्रतिनिधित्व गर्दै एनसिई नेपाल शिक्षाका लागि विश्वव्यापी अभियान (जिसिई) को बोर्ड सदस्यका रुपमा स्थान हासिल गरेको छ । जिसिईको बोर्ड सदस्यका रुपमा प्रतिनिधित्व गर्ने अवसरले एनसिई नेपालको शिक्षा अभियानलाई अन्तर्राष्ट्रियस्तरमै स्थापित गर्न सुनौलो अवसर प्राप्त भएको गरेको छ । जिसिईको बोर्डमा एनसिई नेपालको प्रतिनिधित्व गर्दै निर्वाचित हुनु भएका कार्यक्रम व्यवस्थापक राम गैरेलाई यस सम्मानित सभाबाटै बधाई ज्ञापन गर्दछौं ।
- एनसिई नेपालले राष्ट्रियस्तरमा सरकारी मञ्चहरु जस्तैः स्थानीय शिक्षा समूह (Local Education Group), बजेट रिभ्यू मिसन, जोइन्ट रिभ्यू मिसन तथा अन्तर्राष्ट्रिय स्तरमा Asia Pacif Meeting for Education 2030, UNESCO CCNGO, GPE Replenishment वैठक, आदिमा आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस बीचमा भएका विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा एनसिई नेपालको सहभागिताबारे विवरण अनुसूचि २ मा राखिएको छ ।
- सरकारी निकाय, UN Agencies, सञ्चार क्षेत्र, अन्य नागरिक संघ संस्थाहरु तथा संजालहरुसँगको सम्बन्ध तथा सहकार्यमा अभिवृद्धि भएको छ, जसलेगर्दा यस अभियानले संचालन गर्ने वकालत तथा पैरवीसम्वन्धी अभियानमा टेवा पुगेको छ ।

**२.२ संस्थागत विकास**यस वर्ष एनसिई नेपालको कार्यसमिति वैठक ४पटक बसेको थियो भने सचिवालय समिति वैठक ५पटक बसेको थियो । सो वैठकको उपस्थितिबारे पूर्ण विवरण यसै प्रतिवेदनको अनुसूचि १ मा राखिएको छ । कार्यसमितिका निर्णयहरु सम्पूर्ण सदस्य संस्थाहरुलाई इमेलमार्फत पठाउने गरिएको छ । यसका साथै आठौं साधारण सभाको निर्णय वमोजिम चारवटा सदस्य संस्थाहरुलाई प्रकिया पुऱ्याई एनसिई नेपाल साधारण सदस्यता नरहने गरी ति संस्थाहरुलाई सो बारे जानकारीसमेत सम्प्रेषित गरिएको छ । यसरी सदस्यता नरहने संस्थाहरुमा प्लान इन्टरनेशनल, रामकोट कम्युनिटि डेभलपमेन्ट सेन्टर, दलित गैरसरकारी संस्था महासंघ, र मदरसा इस्लामिया संघ रहेका छन् । यस वर्षका लागि हालसम्म २१ वटा साधारण सदस्यहरु तथा १४ जिल्ला समन्वय समितिहरुले एनसिई नेपालको सदस्यता नवीकरण गरेका छन् ।

***<u>क. सुशासन</u>***

- एनसिईई नेपालको संस्थागत लेखापरीक्षण (statutory audit) सम्पन्न भएको छ । साथै संस्थाको काठमाडौं महानगरपालिका तथा जिल्ला प्रशासन कार्यालयमा समेत नवीकरण भइसकेको छ ।
- एनसिईई नेपालले यस बर्षको सामाजिक लेखापरीक्षण सम्पन्न गरेको छ ।
- आठौं वार्षिक साधारण सभाले पारित गरेको विधान संशोधनका विषयहरुलाई जिल्ला प्रशासन कार्यालयमार्फत पारित गरी संशोधित विधान कार्यान्वयन भइरहेको छ ।
- प्रत्येक प्रदेशमा एनसिईई नेपालको कार्यलाई चुस्त दुरुस्त बनाउनका निमित्त प्रदेश संयोजक निर्वाचित गर्ने उद्देश्यले कार्यसमिति सदस्यहरुलाई संयोजनकारी भूमिका तोकिएको छ । साथै प्रदेश समन्वय समिति गठन तथा संचालन कार्याविधि पनि तयार गरिएको छ ।
- यसै बर्ष एनसिईई नेपालको सार्वजनिक शिक्षा सुदृढीकरणको धारणा, यसको सुदृढीकरणको लागि मागहरु जस्ता पक्षहरु समेटी अवधारणापत्र प्रकाशन तथा वितरण गरिएको छ ।

***ख. आर्थिक व्यवस्थापन***

- एनसिईई नेपालको अभियानलाई निरन्तर सुनिश्चित गर्न एनसिईई नेपालको आठौँ साधारण सभाको सुझावलाई पालना गर्दै संस्थागत कोष (core fund) बाट रु ३० लाखको तीन वर्षका निमित्त मुद्दती खातामा (fixed deposit) जम्मा गरिएको छ ।
- एनसिईई जिल्ला समन्वय समिति पर्वत, स्याङ्जा तथा कास्कीले एनसिईई जिल्ला समन्वय समितिकै नाममा तत्तत् जिल्लामा रहेका राष्ट्रिय बाणिज्य बैंकमा बैंक खाता सञ्चालनसमेत गरेका छन् । साथै एनसिईई जिल्ला समन्वय समिति पर्वतले आर्थिक तथा विपन्न परिवारका बालबालिकालाई आगामी शैक्षिक सत्रदेखि कक्षा १ देखि १२ सम्मको शिक्षा प्रदान गर्नका निमित्त आफ्नै पहलमा रु १२०,००० को अक्षय कोष समेत स्थापना गरेको छ । जिल्ला समन्वय समिति पर्वतले उक्त जिल्लाका सबै स्थानीय तह हरुबाट एनसिईई नेपालको जिल्ला अभियानलाई सशक्त बनाउन बजेट प्राप्त गर्न सफल भएको छ । जुन अन्य जिल्ला समन्वय समितिहरुलाई पनि सिकाइ हुन सक्दछ ।

***ग.सिकाइ आदान प्रदान***

- यस बर्ष विभिन्न समयमा सदस्य सस्था र जिल्ला समन्वय समितिहरुसँगको भेटघाट गर्ने तथा अनुभवहरु आदान प्रदान गर्ने कार्यको थालनी भइरहेको छ । जसले गर्दा एनसिईई र सदस्य संस्थाहरुको सम्वन्ध अझ प्रगाढ बनाउन मद्दत पुगेको छ ।

अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, माथि उल्लेखित रणनीतिक उद्देश्य प्राप्त गर्नको लागि यस बर्ष एनसिईई नेपालले शिक्षाका लागि विश्वव्यापी अभियान (जिसिइ) आस्पवे, युरोपेली युनियन/सर्च फर कमन ग्राउण्ड, एक्सन ऐड, ओएसएफ, केयर नेपालबाट आर्थिक सहयोग प्राप्त गरेको थियो । साथै सदस्य संस्थाहरु, अन्य रणनीतिक साझेदारहरु, एनसिईई नेपालका जिल्ला समन्वय समिति, एनसिईई नेपालका सल्लाहकार, सुभचिन्तकहरु तथा स्थानीय, प्रदेश र संघीय सरकारबाट प्राविधिक सहयोग, सुझाव सल्लाह, तथा ऐक्यवद्धता प्राप्त भएको थियो । यसका साथै माथि उल्लेखित रणनीतिक उपलब्धीहरु प्राप्तिका निमित्त एनसिईई नेपालले यस वर्ष गरेका क्रियाकलापहरुको संक्षिप्त जानकारीका निमित्त कार्यक्रमगत विवरण अनुसुची ३ मा तयार गरी यहाँहरु माझ उपलब्ध गराइको छ र अझ पूर्ण विवरणका निमित्त एनसिईई नेपालको वेवसाइटबाट पनि हेर्न सक्न गरी व्यवस्था मिलाइएको छ ।

अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, अव म यस अवधिमा अनुभव गरिएका चुनौतीहरु प्रस्तुत गर्दछु ।

## ३. चुनौतीहरु

मैले माथि उल्लेख गरेका उपलब्धीहरु हाँसिल गर्नका निमित्त एनसिई नेपालले यस वर्ष चुनौतीहरुको पनि सामना गर्नुऱ्पर्या । केही चुनौतीहरु कार्य गर्ने क्रममा हाम्रा सदस्य संस्थाहरु तथा साझेदार संघसंस्थाहरुको समन्वय, साथ तथा सहयोगले गर्दा केही हदसम्म न्यूनीकरण गर्न सफल भएका थियौं भने केही चुनौतीहरु हाम्रा प्रयासका वाबजुद पनि विद्यमान रहेका छन् । तसर्थ यस वर्षका केही चुनौतीहरु अर्को वर्ष समेत विद्यमान रहने सम्भावना देखिन्छ । यसरी रहने केही चुनौतीहरु एनसिई नेपालका लागि मात्र नभएर समग्र नेपालकै निम्ति चुनौती हुन् भने केही चुनौतीहरु एनसिई नेपालका आफ्नै चुनौतीहरु छन् । तसर्थ समग्र शिक्षा क्षेत्रकै चुनौतीहरु विषयगत चुनौती तथा एनसिई नेपालका विषेश चुनौतीहरुलाई संस्थागत चुनौतीका रुपमा यस प्रतिवेदनमा उल्लेख गरिएको छ ।

### क. विषयगत चुनौती

- संविधानतः माध्यमिक तहसम्मको शिक्षा अधिकार स्थानीय तह लाई प्रदान गरिएको सन्दर्भमा अझैपनि सो जिम्मेवारी स्थानीय सरकारले पूरा गर्न सक्ने कुरामा संघीय सरकार विश्वस्त हुन नसकेको हाम्रो ठम्याई रहेको छ । अर्कोतर्फ सबै स्थानीय सरकारहरु तदरुकताका साथ आफ्नो जिम्मेवारी वहनका निमित्त लागि नसकेको र अझै पनि विभिन्न नीतिगत तथा विषयगत अन्योलमा परिरहेको अवस्था छ । तीन तहका सरकारको तादम्यता नहुनु र अझै पनि अन्योलको वातावरण रहनु शिक्षा क्षेत्रको परिवर्तनका निमित्त चुनौती देखिएको छ ।
- शिक्षा क्षेत्रमा पर्याप्त बजेटको अभावका साथै विनियोजित बजेटको पारदर्शिता, उचित वितरण, उपयोग तथा व्यवस्थापनका साथै सुशासनको अभाव देखिएको छ ।
- शिक्षा क्षेत्रमा राज्यको प्राथमिकता घट्दै गईरहेको अवस्था एकातिर छ भने अर्कोतर्फ राज्यले निजी निकायहरुलाई उचित नियमन समेत गर्न सकेको छैन । परिणामस्वरुप शिक्षामा भइरहेको निजीकरणले समाजमा आर्थिक तथा सामाजिक विभेदको खाडल झन् बढाइरहेको छ ।
- शिक्षकको अपर्याप्तता, भएका शिक्षकहरूको उचित पुनर्वितरण हुन नसक्नु र शिक्षामा राजनैतिक प्रभाव बढ्दै जानु चुनौतीको रुपमा रहेको छ । विद्यालय बन्द हुने क्रम नरोकिनु र शिक्षकहरु समेत यसमा संलग्न हुनु दुःखको विषय हो ।
- शिक्षा तथा पठनपाठनमा नयाँ प्रविधिको विकास भइरहेको बेलामा नेपालमा पुरानै परम्परागत पाठ्यक्रम तथा पढाउने शैली हुनु र उचित छलफल तथा परामर्श विना नै नयाँ पाठ्यक्रम प्रारुप ल्याउनुले पनि चुनौती थपेको छ ।
- राजनीतिक दलका प्रतिनिधिहरु सार्वजनिक शिक्षा सुदृढीकरणका लागि पटक पटक भएका राजनीतिक प्रतिवद्धता व्यवहारमा कार्यान्वयन गर्न नसक्नु वा नचाहनु पनि चुनौती रहेको छ ।

### *ख.* संस्थागत चुनौती

- एनसिई नेपालको संरचनालाई मुलुकको परिवर्तित संरचनाअनुसार अनुकुल बनाउँदै लैजाने चुनौती रहेको छ । पर्याप्त श्रोत तथा साधनको अभाव, केही प्रदेशमा सदस्य संस्था र जिल्ला समन्वय समितिहरू प्रदेश संरचना गठन गर्न प्रयाप्त नभएको हुँदा एनसिई नेपाललाई प्रादेशिक संरचना तथा स्थानीय संरचनामा लाने कुरालाई केही समय लाग्ने देखिन्छ । तर पनि आवश्यकताअनुसार सदस्य संख्या र जिल्ला समन्वय समितिहरू गठन गरी मुलुकको परिवर्तित संरचनाअनुरुप प्रादेशिक सरकार तथा स्थानीय सरकारसँग सक्रियरुपमा कार्य गरेमा मात्र शिक्षा क्षेत्रमा साँच्चैको आमूल परिवर्तन ल्याउन सकिने देखिन्छ ।
- एनसिई नेपालको अभियानका सवाल तथा मुद्दाहरुमा सबै सदस्य संस्थाहरुबीचको साझा बुझाइको निर्माण गर्न र एनसिई नेपाल एउटा साधन स्रोत सम्पन्न संस्था भन्दा पनि एक स्वयंसेवी अभियान हो भन्ने साझा बुझाइको विकास गर्ने चुनौती रहेको छ । पटक पटकका संवादहरुका वाबजुद अझै पनि केही सदस्य

संस्थाहरुमा एनसिई नेपाल एक स्वयंसेवी अभियान अर्थात आन्दोलन भन्दा पनि आर्थिक श्रोत प्रदान गर्ने संस्था हो भन्ने बुझाई भइरहेको देखिन्छ ।

- सदस्य संस्थाको क्षमता तथा विशेषता एकै किसिमको नभएको हुँदा सबै सदस्य संस्थाको यस संस्थाले संचालन गर्ने अभियानमा सहभागिता बढाउन चुनौती रहेको छ । साथै सदस्य संस्थाहरुको गतिविधि, गतिशीलता र उत्प्रेरणा नै यस अभियानको महत्वपूर्ण सम्पत्ती हुन् । तसर्थ सदस्य संस्थाहरुको कार्य तथा गतिशीलता यस अभियानको गतिशीलताको निमित्त पूरक (Supplement) हो भन्ने साझा बुझाइको विकास गर्ने चुनौती रहेको छ ।
- अभियानको सीमित आर्थिक तथा मानव श्रोत तथा साधनहरुका कारण संस्थाको बढ्दो कार्यक्षेत्र तथा अपेक्षा परिपूर्ति गर्न चुनौती रहेको छ ।
- सदस्य संस्थाहरु र एनसिई नेपालबीचको दोहोरो संचारलाई अझ प्रभावकारी बनाई शिक्षा अधिकारको अभियानलाई अझ विस्तारित र व्यापक बनाउन चुनौती रहेको छ । केही जिल्ला समन्वय समितिहरुमा नियमितरुपमा जिल्ला भेलासमेत नहुने र केन्द्रबाट पठाएका शैक्षिक श्रोत सामग्रीहरु तथा सूचनाहरु जिल्ला समन्वय समितिका सम्पूर्ण सदस्यहरुमा सम्प्रेषित नहुनेजस्ता प्रवृत्तिहरु पनि देखिएको छ । यसका साथै धेरै सुचनाहरु जिल्लास्तरमा संस्थागतभन्दा पनि व्यक्तिगत हुने गरेको छ ।

## ४. सिकाइ

अध्यक्ष तथा प्रतिनिधिज्यूहरु,

माथि उल्लेख गरिएका चुनौतीहरुका बाबजुद यस अभियानले सदस्य संस्थाहरु, साझेदारहरु, सल्लाहकारहरु, कार्यसमिति सदस्यहरु, सचिवालय कर्मचारीहरु तथा एनसिई नेपालका सुभचिन्तकहरुको साथ, सल्लाह र सहयोगले मात्र मैले अघि माथि उल्लेख गरेका उपलब्धीहरु हाँसिल गर्न एनसिई नेपाल सफल भएको हो । तर्सथ उक्त उपलब्धी हासिल गर्ने क्रममा भएका सिकाइहरु यहाँहरु माझ प्रस्तुत गर्दछु ।

- शिक्षाका मुद्दाहरुलाई समुदायस्तरबाटै उठान गर्न तथा समुदायलाई नै जागरुक बनाउनका निमित्त स्थानीयस्तरमा वकालत तथा पैरवी समूह बनाउन आवश्यक छ ।
- संघीयतासँगै विद्यालय शिक्षाको अधिकार स्थानीय सरकारमा आएको छ र स्थानीय सरकारलाई उचित ढङ्गले निरन्तर पैरवी गर्न सकियो भने विद्यालय शिक्षाको स्वरुप साँच्चीकै परिवर्तन गर्न सकिन्छ ।
- एनसिई नेपाल जिल्ला समन्वय समिति तथा सदस्य संस्थाहरुले आफ्ना कार्यहरुमा एनसिई नेपाललाई जोड्ने पहलले पनि एनसिई नेपालको अभियान जीवन्त रहन्छ । वेलावखतमा हुने कार्यक्रम, कुराकानी वा भेटघाटमा मात्रै सीमित अभियानले चाहे अनुरुपको तरङ्ग ल्याउन सक्दैन । तसर्थ एनसिई सदस्य संस्थाहरु बीच सुमधुर तथा निरन्तर दोहोरो सञ्चार र समन्वय अत्यावश्यक रहन्छ । यसमा एनसिई केन्द्र, एनसिई जिल्ला समन्वय समिति तथा सम्पूर्ण सदस्यहरु एक कदम अगाडि बढ्नैपर्ने आवश्यकता छ ।
- तथ्यमा आधारित वकालत नै एनसिई नेपालको प्रमुख विषेशता हो र यसलाई निरन्तरता दिन सकेमा एनसिई नेपालको आवाज सरकार, दातृ निकाय तथा अन्तर्राष्ट्रिय निकायले समेत सुन्न वाध्य हुन्छन् र परिवर्तन सम्भव छ । तसर्थ शिक्षाका तथ्य तथ्याङ्क संकलन एवम् विश्लेषण गर्न तथा त्यसलाई सरोकारवाला र आम जनसमुदायका बीचमा पुऱ्याउन एनसिई नेपाल अझ सक्रिय रुपमा लाग्नुपर्नेछ ।

अध्यक्ष तथा प्रतिनिधिज्यूहरु,

शिक्षा क्षेत्रको आमूल परिवर्तनका निमित्त यस अभियानलाई स्थानीय, प्रदेश र संघीय तह मा थप शसक्त, बलियो र प्रभावकारी बनाउन यस साधारण सभाले हामी सबैमा जोश र जाँगर, उत्साह र उल्लास भर्ने छ भन्ने मैले अपेक्षा गरेको छु । तसर्थ आगामी वर्षका योजनाहरु यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु ।

## ५. आगामी योजना

***क. प्रमाणमा आधारित नीतिगत वहस तथा पैरवी***

- सार्वजानिक शिक्षा सुदृढीकरणका विभिन्न विषयहरुमा मार्गचित्र (roadmap) तयार गरी सबै प्रदेशको कम्तीमा एक स्थानीय निकायलाई नमुनाको रुपमा स्थापित गर्न स्थानीय सरकार तथा सदस्य संस्थाहरुसँग समन्वय गरी निरन्तर कार्य गर्ने ।
- स्थानीय सरकारहरुसँग समन्वय र सहकार्य गर्ने तथा सिर्जनात्मक एवम् समालोचनात्मक सम्बन्ध कायम गरी नीतिगत वकालतका कार्यक्रम स्थानीय र प्रदेशस्तरमा संचालन गर्ने । साथै स्थानीय सरकार, प्रादेशिक सरकार एवं संघीय सरकारले संविधानको मर्म अनुरुपको नीति, नियमहरु बनाएको कुरा सुनिश्चित गर्न निरन्तर अभियान गर्ने ।
- उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनको खाकालाई अध्ययन गरी सो मा छुटेका वा संशोधन गर्नुपर्ने विषयवस्तुबारे नागरिक समाजसँग छलफलसहित आवश्यक सुझाव आयोगलाई पेश गर्ने ।
- संघीय शिक्षा ऐन निर्माणमा सरकारलाई दवाव दिने । संघीय शिक्षा ऐनमा निर्माण प्रकृयामा छलफल, संवाद र सुझाव हस्तान्तरणको माध्यमबाट नागरिक समाजको सहभागिता सुनिश्चित गर्ने ।
- स्थानीय तह हरुको शिक्षा नीति तथा योजनाहरु, आय व्यय विवरण आदिको अध्ययन गरी संविधानको मर्मअनुरुप शिक्षा अधिकार सुनिश्चित गर्न बहश तथा पैरवी गर्ने ।
- नेपालको संविधान, दीगो विकास लक्ष्य ४, विद्यालय क्षेत्र विकास योजना आदिमा टेकेर एनसिई नेपालले गरेका अध्ययन समेटेको सुझावको आधारमा सूचकहरुको स्थानीयकरण गर्ने उद्देश्यले अभियान गर्ने ।

***ख. निरन्तर अभियान तथा अनुगमन***

- राष्ट्रिय कूल बजेटको २० प्रतिशत र कूल ग्राह्स्थ उत्पादनको ६ प्रतिशत बजेट शिक्षा क्षेत्रमा छुट्याउन स्थानीय, प्रदेश तथा संघीय सरकारसँग सशक्त पैरवी गर्ने तथा शिक्षामा प्रगतिशील कर प्रणाली लागू गर्न अभियान गर्ने । साथै संघीय, प्रादेशिक तथा स्थानीय सरकारले छुट्याएको आय व्ययको विश्लेषण गर्ने ।
- सार्वजानिक शिक्षाको सुदृढीकरणमा निजीकरणले ल्याएका चुनौती र त्यसको व्यवस्थापनको सवालमा निरन्तर बहस, छलफल तथा अभियान चलाउने ।
- विद्यालयमा बढ्दो क्रममा देखिएका बालिका हिंसा तथा अन्य हिंसाका बारेमा निरन्तर वकालत गर्दै विद्यालय शान्ति क्षेत्रको मर्मलाई व्यवहारतः कार्यान्वयन गर्ने उद्देश्यले अभियान गर्ने ।

***ग. क्षमता विकास वा अभिवृद्धि***

- स्थानीय सरकारसँग निरन्तर वहश तथा पैरवी गर्न तथा स्थानीय नीति नियमहरुको विश्लेषण गर्नका निमित्त एनसिई नेपालका सदस्य संस्था तथा जिल्ला समन्वय समितिहरुको क्षमता अभिवृद्धि गर्ने । सार्वजानिक शिक्षाका विभिन्न सवालहरुमा क्षमता अभिबृद्धि कार्यक्रमको माध्यमबाट एनसिई नेपालका सदस्य संस्थाहरुको विशेषज्ञता बृद्धि गर्ने ।

***घ. समन्वय, सञ्जालीकरण र साझेदारीको विकास***

- स्थानीय, प्रादेशिक तथा संघीय सरकारका सम्बन्धित तहहरुसँगको निरन्तर समन्वयलाई कायम राख्ने ।

- सार्वजानिक शिक्षाको सुधारलाई राजनीतिक महत्वको विषय बनाउन राजनीतिक दलका विद्यार्थी संगठन, सांसद, विषयगत विज्ञ तथा विश्लेषकहरुसँग समन्वय गर्ने तथा उनीहरुलाई एनसिईको अभियानमा आवद्ध गर्दै लैजाने ।
- नेपालको सार्वजनिक शिक्षा सुधारको पक्षमा आम सञ्चार माध्यमहरुसँग सहकार्य अझ अभिबृद्धी गर्ने ।
- शिक्षा अधिकारसँग सम्बन्धित क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सम्मेलनमा अर्थपूर्ण सहभागिता जनाउने ।
- द्विपक्षीय तथा बहुपक्षीय भेटघाट तथा छलफललाई निरन्तरता दिई सिकाइ पक्षलाई प्रवर्द्धन गर्ने ।
- शिक्षा अधिकारको अभियानलाई अझ व्यापक र प्रभावकारी बनाउन अन्य सामाजिक आन्दोलन र अभियानहरुसँग निरन्तर सहकार्य र समन्वय बढाउँदै लैजाने ।

***ङ) अध्ययन, अनुसन्धान तथा प्रकाशन :***

- विद्यालय क्षेत्र विकास योजनाका सूचकहरुको प्रगतिबारे अध्ययन गरी पैरवी गर्ने ।
- शिक्षासम्बन्धी नीति तथा कानुन र त्यसको कार्यन्वयन अवस्थाबारे नागरिक समाजको तर्फबाट नागरिक समाज शिक्षा प्रतिवेदन तयार गरी पैरवी गर्ने ।
- स्थानीय, प्रादेशिक तथा संघीय शिक्षा नीति तथा योजनाहरुको अध्ययन गर्ने तथा पैरवी गर्ने ।
- स्थानीय, प्रादेशिक तथा संघीय सरकारको आय र व्यय विवरणको शिक्षा क्षेत्रमा योगदान र दिगो विकास सूचकहरुलाई पार्ने प्रभावबारे अध्ययन अनुसन्धान गर्ने ।
- विभिन्न स्थानीय सरकारहरुका शिक्षासम्वद्ध असल अभ्यासहरु संकलन तथा वितरण गर्ने ।
- एनसिई नेपालको वार्षिक प्रगति प्रतिवेदन प्रकाशन तथा वितरण गर्ने ।
- शिक्षासम्वद्ध विभिन्न विषयहरुमा सुचना, शिक्षा तथा सञ्चार सामग्री प्रकाशन तथा वितरण गर्ने ।

***च) संगठन तथा संस्थागत विकास***

- एनसिई नेपालको प्रादेशिक संरचना सबै प्रदेशमा विस्तार गर्ने । त्यसको निमित्त यस बर्ष प्रत्येक प्रदेशमा कम्तीमा ७ जिल्ला समन्वय समिति रहने गरी सदस्यता विस्तार गर्ने ।
- एनसिई नेपाललाई स्रोत साधन सम्पन्न श्रोत केन्द्रको रुपमा स्थापित गर्ने ।
- संस्थाको सामाजिक सञ्जाल जस्तै फेसबुक, ट्विइटर, वेवसाइट आदिलाई अझ चुस्त दुरुस्त बनाई अद्यावधिक गर्ने ।
- एनसिई नेपालको सन २०१९ देखि २०२१ सम्मको रणनीतिक योजना निर्माण गर्ने ।

अध्यक्ष तथा प्रतिनिधिज्यूहरु,
यस बर्ष शिक्षा तथा सामाजिक क्षेत्रमा स्थापित अभियन्ताका रुपमा रहनुभएका एनसिई नेपालका पूर्व कार्यसमिति सदस्य स्व. प्रकाशसिंह अधिकारी र शिक्षाविद् स्व. डा. भोला दाहालको दुखद् एवम् असामयिक निधन भएकोमा हाम्रो अभियानमा अपूरणीय क्षती भएको अनुभूतिसहित उहाँहरुप्रति हार्दिक श्रद्धान्जली प्रकट गर्दछौं ।

**धन्यवाद ।।।**

**जय एनसिई, जय शिक्षा ।।।**

# अनुसूचि १

## कार्यसमिति बैठक विवरण

| | पूर्ण कार्यसमिति बैठक | | | | |
|---|---|---|---|---|---|
| क्र.स | कार्यसमिति सदस्य | २०७४/११/१० | २०७५/०२/१५ | २०७५/०७/११ | २०७५/०८/१५ |
| १ | कुमार भट्टराई | √ | √ | √ | √ |
| २ | शारदा कुमाल | √ | √ | √ | |
| ३ | शुभेन्दमान श्रेष्ठ | √ | √ | √ | √ |
| ४ | डिल्लीराम सुबेदी | √ | √ | √ | |
| ५ | केशव पाठक | | √ | √ | √ |
| ६ | सान्त्वना देवकोटा के.सी | √ | √ | √ | √ |
| ७ | राजेन्द पहाडी | | √ | √ | √ |
| ८ | प्रकाश सिलवाल | √ | √ | √ | √ |
| ९ | बाबुराम थापा | √ | | √ | √ |
| १० | लवराज ओली | | √ | √ | |
| ११ | राम नरेश यादव | | √ | | √ |
| १२ | टिकाराम आचार्य | √ | | | √ |
| १३ | शारदा शर्मा | | √ | | √ |
| १४ | सत्या कुँवर | √ | √ | √ | √ |
| १५ | सफला राजभण्डारी | | | | √ |
| १६ | जनकराज पन्त | √ | √ | | √ |
| १७ | आनन्द पौडेल | | | | √ |
| | **जम्मा उपस्थिति** | १० | १३ | ११ | १४ |

| | सचिवालय कार्यसमिति बैठक | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स | कार्यसमिति सदस्य | २०७४/१०/२५ | २०७४/१२/२२ | २०७५/०४/०२ | २०७५/०६/२१ | २०७५/०८/०७ |
| १ | कुमार भट्टराई | √ | √ | √ | √ | √ |
| २ | शारदा कुमाल | | | √ | | |
| ३ | शुभेन्दमान श्रेष्ठ | √ | √ | √ | √ | √ |
| ४ | डिल्लीराम सुबेदी | | √ | √ | √ | |
| ५ | केशव पाठक | | | √ | | √ |
| ६ | सान्त्वना देवकोटा के.सी | √ | √ | √ | √ | |
| | **जम्मा उपस्थिति** | ३ | ४ | ५ | ४ | ३ |

# अनुसूचि २

यस बर्ष र गत बर्ष विभिन्न समयमा भएका अन्तर्राष्ट्रिय कार्यक्रम तथा बैठकहरुमा एनसिई नेपालको सहभागीताबारे विवरण

| क.स | कार्यक्रमको नाम | मिति | स्थान | एनसिई वाट प्रतिनिधित्व गर्ने व्यक्ति |
|---|---|---|---|---|
| १ | *GPE Education Financing Conference* | २ फेब्रूअरी, २०१८ | सेनेगल | राम गैरे |
| ३ | Workshop on Country Spotlight Report | ६ र ७ मे, २०१८ | बैङ्कक | राजेन्द्र पहाडी र श्रद्धा कोइराला |
| ४ | सीमान्तकृत सम’दायका बालिकाको शिक्षामा स’रक्षा र संरक्षणबारे वकालत गर्ने क्षेत्रीय मञ्चको बैठक | २३ जुन, २०१८ | नयाँ दिल्ली, भारत | कुमार भट्टराई |
| ५ | सन् २०३० सम्मको शिक्षाका लागि एसिया प्यासिफिक मञ्चको चौथो सम्मेलन – APMED IV) | १२ देखि १४ जुलाई, २०१८ | बैङ्कक | राम गैरे |
| ६ | CSEF क्षेत्रीय सम्मेलन | २ देखि ५ सेप्टेम्वर, २०१८ | श्रीलंका | सुभेन्द्रमान श्रेष्ठ र राम गैरे |
| ७ | Domestic finance pledge tracking: capacity building for African coalitions workshop | २६ देखि २८ सेप्टेम्वर, २०१८ | जिम्बाब्वे | राम गैरे |
| ८ | CSEF Regional Meeting | ९ देखि ११ अक्टोवर, २०१७ | भियतनाम | डिल्लीराम सुवेदी, केशव पाठक, श्रद्धा कोईराला |
| ९ | UNESCO CC NGO Meeting | ८ र ९ मे, २०१७ | कम्बोडिया | कुमार भट्राई |
| १० | BLDC Training | ११ देखि १६ नोभेम्वर, २०१७ | मंगोलिया | श्रद्धा कोईराला |
| ११ | Workshop on safety and security of girl’s education | ३१ जनवरी, २०१८ | दिल्ली | कुमार भट्राई |

# अनुसूचि ३
# कार्यक्रमगत विवरण

यसमा एनसिई नेपालले यस वर्ष गरेका विभिन्न कार्यक्रमहरु, अध्ययन तथा अनुसन्धानहरुको संक्षिप्त विवरण राखिएको छ । यी कार्यक्रमहरु तथा अध्ययनहरुको विस्तृत विवरण एनसिई नेपालको वेवसाइटमा राखिएको हुनाले थप जानकारीका लागि एनसिई नेपालको वेवसाइट www.ncenepal.org.np हेर्नुहोला ।

## १) नीतिगत संवाद तथा अन्तरक्रिया कार्यक्रम

### "संघीयतामा शिक्षा" प्रदेश स्तरीय संवाद

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षा सम्बन्धी अधिकारको दायित्व स्थानीय सरकारलाई प्रदान गरेको छ । स्थानीय सरकारको सवलिकरणबाट मात्र नेपालको सार्वजनिक शिक्षाको सवलीकरण सम्भव छ । तसर्थ नेपालको सार्वजनिक शिक्षा सुदृढीकरणका लागि आवश्यक नीतिगत व्यवस्था तथा प्रावधानहरु तथा सार्वजनिक शिक्षा सुदृढीकरणको लागि स्थानीय सरकार र प्रदेश सरकारका अवसर एवं चुनौतीहरु पहिचानगरी प्रदेश सभासद, स्थानीय सरकारका प्रतिनिधि र स्थानीय शिक्षा अधिकारीहरुलाई सचेतिकरण गर्नका निमित्त शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले सबै प्रदेशमा स्तरीय संवाद कार्यक्रमहरु संचालन गरिरहेको छ । हालसम्म प्रदेश नं १ को राजधानी विराटनगरमा जेठ १४ गते, प्रदेश नं २ को राजधानी जनकपुरमा फाल्गुण १४ गते, प्रदेश ३ को काठमाडौमा पौष ८ र ९ गते, प्रदेश नं ४ को राजधानी पोखरामा चैत २६ गते, प्रदेश नं ५ को राजधानी बुटवलमा जेठ १८ गते, प्रदेश ६ को राजधानी सुर्खेतमा श्रावण १६ गते र र प्रदेश नं ७ को राजधानी धनगढीमा भदौ ८ गते संघीयतामा शिक्षा विषयक संवाद कार्यक्रम सम्पन्न भईसकेको छ । कार्यक्रममा सम्बन्धित प्रदेशका मन्त्री, सभासद्, स्थानीय निकायका प्रमुख, उपप्रमुख तथा सदस्य, स्थानीय अधिकारी, नागरिक समाजका प्रतिनिधीहरु, शिक्षक, अभिभावक तथा पत्रकारहरुको उपस्थिती रहेको थियो ।

### दिगो विकास लक्ष्य ४ को कार्यन्वयनमा राजनीतिक प्रतिवद्धता र कार्यन्वयनको अवस्था विषयक अन्तरक्रिया

विश्वव्यापी कार्य सप्ताह-२०१८ को क्रममा नेपालको संविधान २०७२, दिगो विकास लक्ष्य, विद्यालय क्षेत्र विकास योजना, बाल अधिकार महासन्धि लगायत अन्तर्राष्ट्रिय महासन्धिहरु र राजनीतिकदलहरुले निर्वाचनको क्रममा गरेका विभिन्न शिक्षा सम्बन्धी प्रतिवद्धताहरुको कार्यन्वयनको अवस्थाको छलफल गर्न यही बैशाख १३ गते एनसिई नेपालले अन्तरकृया कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा  शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराज मणि पोख्रेल, नेकपा एमालेका सचिव तथा प्रतिनिधि सभाका सांसद माननीय योगेश कुमार भट्टराई, पूर्वमन्त्री तथा नेकपा माओवादी (केन्द्र र प्रतिनिधि सभाका सदस्य माननीय रेखा शर्मा, पूर्वमन्त्री तथा नेपाली काग्रेस केन्द्रिय सदस्य र प्रतिनिधि सभाका सदस्य माननीय मिन बहादुर विश्वकर्मा, संघीय समाजवादी फोरमका नेता तथा प्रतिनिधि सभाका सदस्य माननीय उमा शंकर अर्गरिया र रीष्ट्रिय जनता पार्टीका नेता तथा राष्ट्रिय सभा सदस्य माननीय वृकेश चन्द्र लालको समेत उपस्थिती रहेको थियो ।

कार्यक्रममा उपस्थित अविभावक, शिक्षक, पत्रकार, नागरिक समाजका अगुवाहरु, विद्यार्थी र शिक्षाविद्हरुले अहिलेको परिवर्तित सन्दर्भलाई अवसरको रुपमा लिई सार्वजनिक शिक्षाको सुदृढीकरणमा लाग्नुपर्ने बताउनु भएको थियो । कार्यक्रमले सरकार, नागरिक समाज लगायत अन्य सबै सरोकारवालाहरुलाई दिगो विकास लक्ष्य प्राप्तीको लागि सामुहिक उत्तरदायित्वमा अभिप्रेरित हुन मद्दत पुर्‍याएको थियो । कार्यक्रमको कार्यपत्र वालानन्त पौड्यालले प्रस्तुत गर्नु भएको थियो ।

### आर्थिक वर्ष २०७५/७६ को बजेट, न्यायीक कर (Tax Justice) र सार्वजनिक शिक्षाको सुदृढीकरण विषयक छलफल

कर न्यायको पक्षबाट यस वर्षको बजेट साथै यसले सार्वजनिक शिक्षामा पार्न सक्ने असरका बारे छलफल गर्ने उद्देश्यका साथ एनसिई-नेपालले "आर्थिक वर्ष २०७५/७६ को बजेट, कर न्याय (त्बह व्गकतष्अभ) र सार्वजनिक

शिक्षाको सुदृढीकारण" विषयक संवाद कार्यक्रम यही श्रावण ७ गते सम्पन्न गरेको छ। कार्यक्रममा प्रतिनिधि सभाका सदस्य माननीय यज्ञ बोगटी र माननीय अमृता अग्रहरीले युवाहरुलाई सार्वजनिक शिक्षाको सवलीकरण गर्ने अभियानमा लाग्न आव्हान गर्नुभएको थियो। राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. उषा झा र आन्तरिक राजस्व विभागका निर्देशक सरद निरौलाले प्रत्यक्ष करको दायरामा बढोत्तरी, कर छली र कर बेवास्ता गर्ने प्रवृत्तिमा नियन्त्रण, आदि विधिहरु अवलम्बन गरि राज्यले शिक्षामा लगानी बढाउनुपर्ने कुरामा जोड दिनुभएको थियो।

## बालिका शिक्षामा सुरक्षाको सबाल विषयक छलफल

हाल विद्यालय तहसम्मको शिक्षाको दायित्व स्थानीय सरकारको दायित्वमा गएको र विद्यालय शिक्षामा सबै बालबालिकाहरुको सहज पहुाचको सवालमा स्थानीय सरकार नै जवाफदेही हुनु पर्ने सर्न्दभमा बालिका शिक्षाको सुरक्षा र संरक्षणका विषयमा स्थानीय सरकारको जवाफदेहीता अभिबृद्धि गर्ने उद्देश्यका साथ शिक्षाका लागि राष्ट्रिय अभियान नेपालद्धारा रुपन्देही र कपिलबस्तु जिल्लामा "शिक्षामा सुरक्षा र संरक्षण विषयक सार्वजनिक बहस" कार्यक्रम असार १ गते रुपन्देहीमा र असार ५ गते कपिलबस्तुमा सम्पन्न गरेको छ। रुपन्देही जिल्लाको समरीमाई गाउापालिकामा र कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिकामा भएको उक्त कार्यक्रमहरुमा स्थानीय सरकारहरुले बालिका शिक्षाको प्रर्वद्धन गर्न स्थानीय सरकारकोशिक्षा ऐन, नीति तथा कार्यक्रममा बालिका शिक्षालाई प्राथमिकतामा राख्ने र त्यसको लागि पर्याप्त बजेटको व्यवस्था गर्न बालिकामैत्री विद्यालय बनाउन विद्यालय व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्ने, समुदायमा बालिका शिक्षाको महत्व बुझाउनका लागि जनचेतना मूलक कार्यक्रमहरु गर्ने र बालिकाहरुको शिक्षामा सहज पहुाच र गुणस्तरीयशिक्षाको सुनिश्चितता गर्ने किसिमका योजनाहरु बनाउनु पर्ने कुराहरु छलफल गरिएको थियो।

## बालिका शिक्षामा सुरक्षा र संरक्षण सुनिश्चितताका निमित्त नीतिगत संवाद

शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा एनसिई-नेपाल जिल्ला समन्वय समिति कपिलवस्तु र रुपन्देहीले समुदाय स्तरमा रहेका किशोरीहरुको "शिक्षामा सुरक्षा र संरक्षण" विषयक संवाद कार्यक्रमहरु वैशाख १६ गते कपिलवस्तुको शुद्धोधन गाउँपालिका र बैशाख १६ गते रुपन्देहीको कोटहीमाहि गाउँपालिकामा सम्पन्न भएको छ। उक्त कार्यक्रमहरुले बालिकाहरुको शिक्षामा पहुाच अभिवृद्धि गर्न उनीहरुको सुरक्षा र संरक्षणको सवालमा स्थानीय निकाय तथा अन्य सम्बन्धित सरोकारवालाहरुको जवाफदेहिता अभिवृद्धि गर्न पहल गरेको थियो।

## अनिवार्य तथा नि:शुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल, सुझाव संकलन तथा हस्तान्तरण

नेपालको संविधान २०७२ को धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभुत तहसम्म निशुल्क र अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्मको निशुल्क शिक्षाका व्यवस्था गरेको छ। संविधानको धारा ३१ ले सुनिश्चित गरेको शिक्षा सम्बन्धी मौलिक हकको प्रवन्ध गर्न संघीय सरकारद्धारा व्यवस्थापिका संसदमा छलफलको लागि पेश भएको "अनिवार्य तथा नि:शुल्क शिक्षाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" मस्यौदा विधेयकमा यहि भाद्र ११ गते शिक्षाका लागि राष्ट्रिय अभियान नेपालद्धारा नागरिक समाजका बिचमा छलफल पश्चात सुझावहरु संकलन गरेको थियो। प्राप्त सुझावका आधारमा एनसिई-नेपालले सम्पूर्ण नागरिक समाजको तर्फबाट उक्त विधेयकको विद्यमान प्रावधानमा संशोधन र नि:शुल्क र अनिवार्य शिक्षाको संवैधानिक मर्म बमोजिम थप गर्नु पर्ने सुझाव सहित तीन महले प्रस्ताव तयार गरि व्यवस्थापिका संसदको शिक्षा तथा स्वास्थ्य समितिका माननीय सदस्यहरु, व्यवस्थापिका संसदका अन्य सदस्य र राष्ट्रिय सभाका सदस्यहरुलाई हस्तान्तरण गरेको थियो।

## "शिक्षामा हाम्रो पहुँच" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

एनसिई-नेपाल जिल्ला समन्वय समिति मोरङ्गले यहि बैशाख १४ गते स्थानीय सरकार, जिल्ला शिक्षा कार्यालय लगायत नागरिक समाज, पत्रकार, आमा समूह, विद्यालय व्यवस्थापन समिति तथा विद्यालय परिवार, आदिको सहभागितामा "शिक्षामा हाम्रो पहुँच" विषयक अन्तरक्रिया कार्यक्रम विराटनगरमा सम्पन्न गरेको थियो।सो कार्यक्रममा प्रदेश नं १ का माननीय प्रदेश सभा सदस्य श्री केदार कार्किले गुणस्तरीय, समावेशी र समतामूलक शिक्षाका निमित्त उपयुक्त प्रादेशिक शिक्षा ऐन तथा नीति नियमहरु बनाउने प्रतिवद्धता जनाउनु भएको थियो।

## एनसिई-नेपाल जिल्ला समन्वय समितिहरु मार्फत स्थानीय सरकारसंगको अन्तरकृया र सशक्तिकरण:

एनसिई-नेपाल जिल्ला समन्वय समितिहरुले जिल्लास्तरमा रहेका स्थानीय सरकार, राजनीतिक दल, नागरिक समाज, पत्रकार लगायत शिक्षासाग सम्बन्धित अन्य सरोकारवालाहरुलाई सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त आ-आफ्नो

तर्फबाट प्रतिवद्ध र जवाफदेही बनाउने लक्ष्यका साथ निरन्तर वकालत तथा पैरवीहरु गरेका थिए । यस सन्दर्भमा यहि वैशाखमा एनसिई-नेपालका जिल्ला समन्वय समितिहरु पर्वत, पाल्पा, बाँके, धनुषा, कपिलवस्तु र रुपन्देहीले स्थानीय सरकार, राजनीतिक दल एवम् नागरिक समाज, र समुदायहरुको संलग्नतामा विभिन्न अन्तरक्रियात्मक कार्यक्रमहरु सम्पन्न गरी सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त उहाँहरुको प्रतिवद्धता लिन सफल भएका थिए ।

## २) अनुसन्धान तथा प्रकाशन

### नागरिक समाज शिक्षा प्रतिवेदन

नेपालमा शिक्षाको अवस्था केलाउने, दिगो विकास लक्ष्य र विद्यालय विकास योजनाको कार्यन्वयनको अनुगमन गरी नागरिक समाज शिक्षा प्रतिवेदन तयार गर्ने उद्देश्यले एनसिई-नेपालले मुलुकका विभिन्न २० भन्दा बढी जिल्लाहरूमा छनौट भएका सार्वजनिक विद्यालयहरूको तथ्याङ्क संकल्न गर्ने काम सम्पन्न गरेको छ । यसले शिक्षाको क्षेत्रमा नागरिक समाजको  एक सशक्त प्रतिवेदनको रुपमा एनसिई-नेपाललाई प्रमाणमा आधारित वकालतको निमित्त बल पुग्ने छ ।

### सुशासन र जवाफदेहीता विषयक जर्नल प्रकाशन

नेपालमा विद्यालय सुशासन र त्यसका विभिन्न पक्षहरु समेटेर शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले “सार्वजनिक शिक्षामा सुशासन र जवाफदेहिता” विषयक जर्नल प्रकाशन गरी शिक्षाक्षेत्रमा कार्यरत विभिन्न सरकारी एवम् गैरसरकारी संघ संस्थाहरु, नागरिक समाजका संस्थाहरु, शिक्षाविद्हरु, विद्यालयहरु, आदिलाई वितरण गरेको छ । विद्यालय सुशासनका विभिन्न पक्षहरु समेटी तयार गरिएको सो जर्नल पुस्तिकाले विद्यालय सुशासनको वर्तमान अवस्था र परिवेश बारे प्रकाश पार्नुको साथसाथै आगामी दिनहरुमा शिक्षा सुदृढीकरण गर्नका निमित्त अपनाउन सकिने मार्गदर्शन समेत प्रदान गरेको छ ।

### आर्थिक वर्ष २०७५/७६ बजेट बिश्लेषण

एनसिई नेपालले आर्थिक वर्ष २०७५/७६ मा नेपल सरकारले शिक्षा क्षेत्रमा छुट्याएको बजेटको विश्लेषण गरि सरोकारवाला समक्ष पुऱ्याउने काम गरेको छ । उक्त विश्लेषणमा सरकारले शिक्षा क्षेत्रमा छुट्याएको कुल बजेट रकम, प्रतिशत, साधारण, पुँजीगत र विकास बजेट, विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको निमित्त छुट्याईको बजेट र संघीय सरकारले स्थानीय र प्रदेश सरकारलाई सर्शत अनुदानको रुपमा प्रदान गरेको बजेट जस्ता पक्षहरुको लेखाजोखा गरिएको छ । गत वर्षको शिक्षा क्षेत्रको बजेटको (९.९१ %) तुलनामा सामान्य बृद्धि देखिएता पनि यसबर्षको मुद्रास्फीति र बिज्ञान तथा प्रविधि मन्त्रालयको लागि समेत यही बजेटले समेट्नु पर्ने हुादा यस वर्ष पनि सरकारको शिक्षा क्षेत्रको बजेटमा खासै बृद्धि हुन नसकेको तथ्य यस विश्लेषणले सार्वजनिक गरेको छ ।

*(विस्तृत विवरणका निमित्त एनसिई नेपालको वेवसाइट www.ncenepal.org.np मा हेर्नुहोला)*

### विद्यालय क्षेत्र विकास योजनाको अनुगमन

विद्यालय क्षेत्र विकास योजनाले बोकेको लक्ष्य तथा सूचकहरुमा राष्ट्रले हाल सम्म गरेको प्रगतिलाई समिक्षा गर्ने उद्देश्यका साथ एनसिई-नेपालले विद्यालय क्षेत्र विकास योजनाको प्रगति विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार गरेको छ । यसका साथै एनसिई-नेपालले दिगो विकास लक्ष्य र विद्यालय क्षेत्र विकास योजनाले बोकेका सूचक एवम् लक्ष्यका आधारमा विभिन्न प्रदेशहरुको शैक्षिक अवस्था बारे पनि अध्ययन प्रतिवेदन तयार गरी वितरण गरेको छ । उक्त अध्ययनको निश्कर्षले अबको दिनमा स्थानीय एवम् प्रादेशिक स्तरको स्थिती विश्लेषण गर्दै, उक्त क्षेत्रको आवश्यकता अनुसार कार्यक्रमहरु लक्ष्य एवम् सूचकहरु निर्धारण गर्नुपर्ने माग गरको छ ।

### शिक्षामा क्षेत्रमा वित्तिय अभाव

संविधान प्रद्धत्त शिक्षा सम्बन्धी मौलिक हकको सुनिश्चतताको लागि राज्यले कति लगानी गर्नुपर्दछ र हालको बजेटमा कति अपर्याप्त छ भन्ने विश्लेषणात्मक तथ्य एनसिई-नेपालले सार्वजनिक गरेको छ । लामो समयको अध्ययन पश्चात गरिएको उक्त अनुसन्धानले संविधान अनुरुप शिक्षा अधिकार सुनिश्चित गर्न हालको अवस्थामा करिब तीन गुणा बजेट अपर्याप्त रहेको तथ्य सार्वजनिक गरेको छ ।

उक्त प्रतिवेदन सार्वजनिक कार्यक्रममा नेकपा एमालेका सचिव तथा प्रतिनिधि सभाका सांसद् माननीय योगेश भट्टराईले, नेपाली कांग्रेसका नेता तथा राष्ट्रिय सभाका सदस्य माननीय बद्री पाण्डे, नेकपा माओवादी केन्द्रका नेता माननीय लेखनाथ न्यौपाने, राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय, तथा शिक्षा विभागका प्रतिनिधिहरुले लगायत

उपस्थित राजनितिक दलका प्रतिनिधि तथा सांसद सदस्यहरुले शिक्षामा हालको लगानी अपर्याप्त रहेको र लगानी वृद्धि गर्ने कुरामा आवश्यक पहल गर्ने प्रतिवद्धता जनाउनु भएको थियो ।

## ३) क्षमता अभिवृद्धि

### विद्यालयमा सुशासन प्रवर्द्धनका निमित्त वित्त व्यवस्थापन तालिम

विद्यालयहरूको वित्त व्यवस्थापनलाई सुदृढ बनाई सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यका साथ एनसिई-नेपालले शिक्षा विभागसागको सहकार्यमा चैत्र ०२-०४, २०७४ सम्म जनकपुर, धनुषामा तीन दिने "विद्यालय वित्त व्यवस्थापन तालिम" सम्पन्न गरेको थियो । उक्त तालिममा धनुषा, महोत्तरी र सिरहा जिल्लाका ४२ विद्यालयका प्रधानाध्यापक र विद्यालयको लेखा व्यवस्थापनमा संलग्न कर्मचारी/शिक्षकहरूलाई लेखा तथा लेखापालनको अवधारणा, सिद्धान्त, उद्देश्य, विद्यालय अनुदान व्यवस्था, कोष संचालन, आम्दानी तथा खर्च संकेत, विद्यालय बजेट तर्जुमा, आम्दानी तथा खर्च लेखाङ्कन, धरौटी, तलब, कर, पेश्की र पेश्की फर्छ्यौट, सन्तुलन परीक्षण, वासलात र बैाक हिसाब मिलान, मासिक वार्षिक प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखा परीक्षण र बेरुजु फर्छ्यौट, जिन्सी तथा सम्पत्ति व्यवस्थापन, खरिद योजना, खरिदका चरण, प्रकार विधि, अभिलेख व्यवस्थापन, शिलबन्दी दरभाउ पत्र तथा बोलपत्र खोल्ने र मुल्याङ्कन गर्ने तरिका बारे व्यावहारिक ज्ञान प्रदान गरिएको थियो ।

### शैक्षिक अनुसन्धान तथा अभियानमा युवाहरुको क्षमता अभिबृद्धि

समुदाय भित्रका बालबालिकाहरुलाई शिक्षा प्राप्त गर्नका निमित्त भएका चुनौतीहरु युवाहरुको नेतृत्वमा पहिचान उनीहरुकै सहभागितामा समस्याको निराकरणका उपायहरु पत्ता लगाउने र उनीहरुलाई प्रमाणमा आधारित वकालत गर्न अभिप्रेरित गर्ने उद्देश्यले एनसिई नेपालले ललितपुरको डुकुछापमा रहेका दनुवार समुदायमा कार्यमूलक अनुसन्धानको (Action Research) सुरु गरेको छ । दनुवार समुदायको मुख्य समस्याको रुपमा देखिएको बाल विवाह तथा मध्यपान सेवन र यसले बालबालिका शिक्षामा प्रत्यक्ष रुपमा पारेको असरको विषयलाई लक्षित गरी संचालन गरिएको उक्त अध्ययनमा संलग्न युवाहरुलाई अनुसन्धान, अनुसन्धानका विधि तथा औजारहरु आदीको बारेमा अभिमुखिकरण गर्ने उद्देश्यले दुई दिने कार्यशाला संचालन गरिएको थियो ।

### सार्वजनिक शिक्षा सुदृढीकरण तथा स्थानिय सरकारसँगको सहकार्य अभिवृद्धिको लागि सदस्य संस्थाहरुको अभिमुखिकरण

संघीय संरचनामा सार्वजनिक शिक्षा सुदृढीकरणको अभियानलाई थप चुस्त दुरुस्त वनाई स्थानिय स्तरमा निरन्तर पैरवी, अध्ययन अनुसन्धान तथा वकालत गर्नका निमित्त आवश्यक ज्ञान तथा सीप प्रवर्द्धन गर्ने हेतुले एनसिई-नेपालले आफ्ना जिल्ला समन्वय समिति सदस्यहरु तथा कार्यसमिति सदस्यहरु सहितको तीन दिने कार्यशाला यही भदौ १२ देखि १४ सम्म काठमाडौँमा सम्पन्न गरेको छ । कार्यशालामा दिगो विकास लक्ष्य ४, विद्यालय क्षेत्र विकास योजना,संविधानमा शिक्षा तथा बाल अधिकार सम्बन्धी प्रावधानहरुको अध्ययन गरी सहभागीहरुले ती दस्तावेजहरुमा एक अर्का विचको तादम्यता, छुटेका कुराहरुको विश्लेषण गरेका थिए ।

## ४) सञ्जालीकरण

### शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा संचार माध्यमसँगको सहकार्य र साझेदारिता

**पत्रकार सम्मेलन**

शिक्षा अभियानका प्रमुख अभियन्ता रहदै आएको संचार माध्यमहरुलाई शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह-२०१८ को योजना तथा कार्यक्रमहरु बारे अवगत गराउने उद्देश्यका साथ एनसिई-नेपालले विभिन्न शिक्षा पत्रकारहरुको उपस्थितीमा, यहि वैशाख ९ गते काठमाडौँमा पत्रकार सम्मेलन सम्पन्न गरेको थियो । यसैगरी जिल्लास्तरमा पनि एनसिई-नेपालका जिल्ला समन्वय समितिहरुले स्थानीयस्तरमा रहेका विभिन्न पत्रकारहरुसागको साझेदारीमा दिगो विकास लक्ष्य र शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह बारे स्थानीय निकाय तथा समुदायहरुलाई जानकारी गराएको थियो ।

## “दिगो विकास लक्ष्य ४ का लागि स्थानीय सरकारको भूमिका’’ विषयक संवाद

एनसिई-नेपाल जिल्ला समन्वय समिति पर्वतले, कुश्मा नगरपालिकासागको साझेदारीमा “दिगो विकास लक्ष्यमा शिक्षा र शिक्षाका लागि स्थानीय सरकारको भूमिका” विषयक संवाद कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा उपस्थित कुश्मा नगरपालिकाका कार्यपालिका सदस्य र १४ वटै वडाका अध्यक्ष र सदस्यहरुले मुलुकले विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका शैक्षिक प्रतिवद्धताहरुलाई अनुशरण गर्दै त्यस अनुरुप आगामी दिनहरुमा योजना बनाई कार्य गर्न आफूहरु प्रतिवद्ध रहेको बताउनु भएको थियो ।

## दिगो विकास लक्ष्यमा सचेतिकरण

दिगो विकास लक्ष्य ४ बारे नागरिक समाजका प्रतिनिधिहरुलाई सचेतिकरण गरी सो लक्ष्य प्राप्तिका निमित्त उनीहरुको आ-आफ्नो तर्फबाट जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्यका साथ एनसिई-नेपाल जिल्ला समन्वय समिति पाल्पाले यहि वैशाख ५ गते शिक्षा सरोकारवालाहरुसँग अभिमुखीकरण सम्पन्न गरेको थियो । कार्यक्रममा एनसिई-नेपाल जिल्ला सञ्जालका सदस्यहरु, स्थानीय सरकार जनप्रतिनिधीहरु, जिल्लास्थित राजनितिक दलका प्रतिनिधिहरु, शिक्षा सम्बद्ध संघसंस्थाका प्रतिनिधिहरु तथा पत्रकारहरुले दिगो विकास लक्ष्य ४ हाासिल गर्नका निमित्त आ-आफ्नो स्तरबाट गर्न सकिने प्रयासहरुका लागि आफूहरु प्रतिवद्ध रहेको बताएका थिए । यसै गरी एनसिई-नेपाल जिल्ला समन्वय समिति पर्वतले पनि यहि बैशाखमा मोदी गाउँपालिका र फलेवास नगरपालिकामा दिगो विकास लक्ष्य ४ का बारेमा नागरिक समाज संगठनका प्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा नागरिक समाजका संगठनले दिगो विकास लक्ष्यको सफल कार्यन्वयन गर्न सामूहिक उत्तरदायित्व बहन गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।

## सामुदायिक भेला सम्पन्न

एनसिई-नेपाल जिल्ला समन्वय समिति बाँकेले सार्वजनिक शिक्षा प्रतिको जवाफदेहिता बढाउनका लागी स्थानीय निकाय तथा अन्य सम्बन्धित सरोकारावालाहरुको सहभागितामा बैशाख १३ गते उक्त जिल्लाको खजुरा गाउँपालिकामा सामुदायिक भेलामा सम्पन्न गरेको थियो । समुदाय स्तरमा सञ्चालित उक्त कार्यक्रमले शिक्षा अधिकारको सुनिश्चतताका लागि अभिभावकहरुले गर्ने योगदानको विषयमा चर्चा गरेको थियो ।

साथै एनसिई-नेपालका जिल्ला समन्वय समितिहरु पर्वत, पाल्पा र मोरङ्ग समेत यहि बैशाखमा शो किसिमको समूहिक भेला आयोजना गरेका थिए । उक्त जिल्लाहरुमा सम्पन्न भएका कार्यक्रमहरुमा उपस्थित स्थानीय सरकार प्रतिनिधिहरुले नेपाल सरकारले विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका शैक्षिक प्रतिवद्धताहरुलाई अनुशरण गर्दै त्यस अनुरुप आगामी दिनहरुमा योजना बनाई कार्य गर्ने प्रतिवद्धताहरु जनाउनु भएको थियो ।

## भर्ना अभियान विषयक कार्यक्रमहरु

एनसिई-नेपाल जिल्ला समन्वय समिति मकवानपुरले “विद्यार्थी भर्ना अभियान तथा नि:शल्क पाठ्यपुस्तक वितरण” सम्बन्धी नागरिक अपिल प्रकाशन गरी यहि बैशाख र जेष्ठ २०७५ मा जिल्लाका विभिन्न स्थानीय निकायका श्रोत केन्द्र र विद्यालयहरुमा वितरण गरेको थियो । एनसिई-नेपाल जिल्ला समन्वय समिति पाल्पाद्वारा जिल्ला शिक्षा कार्यालय तथा स्थानीय सरकारहरुको समन्वयमा विद्यालय भर्ना अभियान २०७५ सम्बन्धी अन्तरक्रिया कार्यक्रम यहि बैशाख १० मा सम्पन्न गरेको थियो । त्यसै गरी एनसिई-नेपाल जिल्ला समन्वय समिति धनुषाले जिल्ला स्थित सबैला नगरपालिकामा रहेका मुस्लिम समुदाय, त्यसमा पनि विशेष गरी बालिकाहरुको शिक्षामा पहुँच बढाउने लक्ष्यका साथ समुदाय यस्तरमा बैशाख १५ मा संवाद कार्यक्रम सम्पन्न गरेको थियो ।

यसै गरी एनसिई-नेपाल जिल्ला समन्वय समिति कपिलवस्तुले नगरपालिका र गाउँपालिका स्तरमा भर्ना अभियानको सवालमा समुदायस्तरीय छलफल कार्यक्रमहरु बैशाख ९ देखि १६ सम्म सम्पन्न गरेको थियो । कपिलवस्तु जिल्ला अन्तर्गत रहेको महाराजगंज नगरपालिका वडा नं ७ र १०, मायादेवी गाउपालिका वडा नं १ र शुद्धोधन गाउपालिका वडा नं ३ मा समुदायस्तरमा भर्ना अभियान सम्बन्धी जानकारी, विद्यालय तथा बाल क्लब स्तरमा छलफल, सचेतना ऱ्याली, व्यानर, पर्चा पम्प्लेट टाास र वितरण गर्ने कार्यक्रम सम्पन्न गरिएको थियो ।

एनसिई-नेपाल जिल्ला समन्वय समिति कास्कीले पनि भर्ना अभियानको क्रममा स्थानीय सरकार, नागरिक समाज, विद्यालय परिवार, अभिभावक, विद्यार्थी एवम् पत्रकारहरुको उपस्थितीमा विद्यालय भर्ना अभियान सम्बन्धी समुदायस्तरमा बैशाख ९ देखि १६ सम्म १० वटा अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु सञ्चालन गरेका थिए । यसरी सम्पन्न गरिएका कार्यक्रमहरुमा विद्यार्थीहरुलाई विद्यालय पोशाक, पाठ्यपुस्तक, ब्याग तथा अन्य विभिन्न शैक्षिक सामग्रीहरु उपलब्ध गराउनुका साथै कास्की जिल्लाका ६५ वटा विभिन्न विद्यालयहरुमा अध्ययनरत करिब ४०० जना विद्यार्थीहरुलाई छात्रवृत्ति पनि प्रदान गरिएको थियो ।

### एनसिई-नेपालको सामाजिक लेखा परिक्षण सम्पन्न

शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले आ.व २०७३/७४ र ७४/७५ को सामाजिक लेखा परिक्षण यहि भाद्र ३१, २०७५मा ललितपुर स्थित कुपन्डोल ब्याङ्क्वेटमा सम्पन्न गरेको थियो । कार्यक्रमिक तथा वीत्तीय पक्षका बारेमा सबै सरोकारवालाहरुलाई जानकारी दिदै आगामी दिनमा थप प्रभावकारी, पारदर्शी ढङ्गले अगाडी बढ्न सरोकारवालाहरुको सुझाव तथा सल्लाह संकलन गर्ने उद्देश्यका साथ आयोजना गरिएको उक्त कार्यक्रममा शिक्षा मन्त्रालयका प्रतिनिधी, काठमाडौा महानगरपालिका प्रतिनिधी, विभिन्न नगरपालिकाका प्रतिनिधी, जिल्ला समन्वय समिति काठमाडौाका प्रतिनिधी, शिक्षाबिद्हरु, शिक्षक, विद्यार्थी, विभिन्न संघसस्थाका प्रतिनिधी, एनसिई सदस्य संस्थाहरु, साझेदार संघसंस्थाहरु तथा पत्रकारहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।

## ५) पैरवी अभियान

### उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगलाई नागरिक समाजका सुझाव हस्तान्तरण

मुलुकको समग्र शिक्षा नीतिदेखि कार्यक्रम कार्यान्वयन तहसम्मको अध्ययन तथा विश्लेषण गरी संघीय संरचना (संघ, प्रदेश, स्थानीय निकाय) अनुकुल शिक्षा नीति, कार्यक्रम र शिक्षाको संरचना बारे नेपाल सरकारलाई सुझाव पेश गर्ने उद्देश्यले गठित उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगलाई शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संघसस्थाहरूको तर्फबाट एनसिई-नेपालले मंसिर २५, २०७४ (तदनुसार डिसेम्बर ११, २०१७) मा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले समेटनुपर्ने सुझावहरूको सुक्ष्म प्रतिवेदन तयार गरी एक कार्यक्रमका बीचमा हस्तान्तरण गरेको थियो । यसका साथै हालको स्थायी सरकार गठन भएसँगै शिक्षाको एउटा दूरगामी दृष्टिकोण निर्माण गरी नेपाल सरकारलाई नयाँ शिक्षा नीति र संरचनासहित समसामयिक सुझाव प्रस्तुत गर्न नेपाल सरकारद्धारा पुनः उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ को गठन भएको छ । एनसिई नेपालले असोज ११ देखि २१ सम्म शिक्षाका विभिन्न विधामा एनसिई नेपाल सदस्यहरु तथा अन्य विषय साझेदार संघसंस्थाहरुको समन्वयमा १३ वटा छुट्टा छुट्टै छलफल कार्यक्रमहरु आयोजना गरी एकिकृत नागरिक सुझाव तयार गरेको थियो । सो संयुक्त नागरिक प्रतिवेदन उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ का अध्यक्ष माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री तथा शिक्षा आयोगका सम्पूर्ण सदस्यहरुलाई असोज २२ गते हस्तान्तरण गरिएको थियो ।

## शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह-२०१८

### विश्वव्यापी कार्य सप्ताहको: सहकार्य र समन्वय

शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह-२०१८ लाई सफल र प्रभावकारी रुपमा सम्पन्न गर्नको निमित्त र यस अभियानमा नागरिकको सहभागिता अभिवृद्धि गर्न एनसिई-नेपालले शिक्षा र बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न नागरिक समाजका संघसंस्थाहरु, शिक्षा पत्रकारहरु, शिक्षक, अभिभावक र युवा लगायत अन्य सम्बन्धित सरोकारवालाहरुको बीचमा २०७४ चैत्र २५ गते समन्वय बैठक सम्पन्न गरेको थियो ।

## एनसिईई-नेपाल जिल्ला समन्वय समितिसंग छलफल

एनसिईई-नेपालले शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको अभियानलाई समुदाय र स्थानीय निकायसम्म पुऱ्याउने उद्देश्यका साथ २०७४ चैत्र २७ गते एनसिईई-नेपालका जिल्ला समन्वय समितिहरुको कार्यशाला पोखरामा सम्पन्न गरेको थियो । उक्त कार्यशालामा जिल्ला समन्वय समितिहरुलाई यस वर्षको कार्य सप्ताहको विषयवस्तु, अवधारणा र औचित्यको बारेमा सचेतीकरण गरिएको थियो ।

## सप्ताहव्यापी अभियान

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिईई-नेपाल) ले आफ्ना सदस्य संस्थाहरु तथा शिक्षा क्षेत्रमा कार्यरत विभिन्न नागरिक समाज तथा सरोकारवालाहरुसँगको सहकार्यमा "दिगो विकास लक्ष्य ४ मा राज्यको जवाफदेहिता र नागरिक सहभागिता" विषयमा शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताह-२०१८ अप्रील २२ देखि ३० सम्म भव्यताका साथ सम्पन्न गरेको छ । चार सय भन्दा बढी संघसंस्थाहरुको सहकार्य र सहभागितामा सम्पन्न उक्त कार्य सप्ताहले स्थानीय, प्रादेशिक तथा संघीय सरकार लगायत राजनीतिक दलहरुलाई मुलुकको सार्वजानिक शिक्षा सुदृढीकरणका निमित्त राष्ट्रले गरेका प्रतिवद्धताहरुप्रति जवाफदेही बनाई सो प्रतिवद्धताहरु कार्यान्वयन गर्नका लागि विभिन्न कार्यक्रमहरु सम्पन्न गरी दबाव श्रृजना गरेको थियो । उक्त कार्य सप्ताहले विशेष गरी मुलुकका सार्वजनिक शिक्षा सुदृढीकरण गरी निःशुल्क, गुणस्तरीय र समतामूलक शिक्षा प्रदान गर्नका निमित्त स्थानीय सरकारको क्षमतालाई अभिवृद्धि गर्ने, सरकार एवम् सबै राजनीतिक दलहरुद्वारा विभिन्न निर्वाचनका क्रममा गरिएका प्रतिवद्धताहरुलाई व्यवहारमा लागू गर्न दबाव र विकास एवम् समृद्धिको अभियानमा नागरिक समाजको भूमिका बढोत्तरी गर्नका निमित्त राष्ट्रिय स्तरमा राज्यको ध्यानाकर्षण गरेको छ ।

## शिक्षामा निजि प्रदायकहरुलाई राज्यको दायित्वबारे मानव अधिकार मार्गदर्शन सिद्धान्त'' मा सुझाव संकलन

शिक्षामा निजि प्रदायलाई नियमन गर्न राज्यको भूमिकाबारे मानव अधिकार मार्गदर्शक सिद्धान्त बनिरहेको सन्दर्भमा सो मार्गदर्शक सिद्धान्तमा नेपालका समुदायस्तरको आवाज समेत सुनिश्चित गर्ने उद्देश्यले एनसिईई-नेपालले मिति २०७५ जेठ २१ देखि २५ गतेसम्म गते मुस्ताङ, म्याग्दी, पर्वत, स्याङ्जा, नवलपरासी, मकवानपुर र पाल्पा गरी सात वटा जिल्लाहरुमा सुझाव संकलन कार्यक्रमहरु सम्पन्न गरेको छ । सुझाव संकलन कार्यक्रमले स्थानीय निकायका प्रतिनिधि, शिक्षा शाखाका प्रमुख, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, शिक्षक प्रतिनिधि, स्थानीय राजनितिक पार्टीका प्रतिनिधिहरु, संस्थागत विद्यालय संस्थाका प्रतिनिधिहरु लाई मानव अधिकार मार्गदर्शन सिद्धान्तको अवधारण र औचित्य स्पष्ट पार्न र नेपालको तर्फबाट विभिन्न जिल्लाहरुको सुझावहरु संकलन गरि मस्यौदा समितिहरुमा हस्तान्तरण गर्न मद्दत पुगेको थियो ।

## शिक्षामा जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्न नागरिक अपिल हस्तान्तरण

एनसिईई-नेपालका सदस्य संस्था, सरकार, राजनीतिक दल, नागरिक समाज, अभिभावक, विद्यार्थी, शिक्षक, पत्रकार, शिक्षाविद् तथा शिक्षासाग सम्बन्धित अन्य सरोकारवालाहरुसँग गरिएको छलफलका आधारमा एनसिईई-नेपालले शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा सार्वजनिक शिक्षाका विभिन्न मुद्दाहरु समावेश गरिएको नागरिक अपिल प्रकाशन गरी राष्ट्रिय एवम् स्थानीय स्तरमा वितरण गरेको थियो । केन्द्रस्तरमा सो अपिल बैशाख १३ देखि १६ मा शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग, शिक्षा विभाग, राजनीतिक दलका नेताहरु तथा प्रतिनिधि सभाका सदस्यहरुलाई बुझाईएको थियो ।

यसैगरी जिल्ला स्तरहरुमा पनि सोही समयमा सो अपिललाई एनसिईई-नेपाल जिल्ला समन्वय समितिहरु पर्वत, पाल्पा, महोत्तरी, बाँके, मोरङ्ग, कपिलवस्तु, नवलपरासी, कास्की, चितवन, महोत्तरी र धनुषाले आ-आफ्ना जिल्लामा रहेका स्थानीय सरकार, जिल्ला प्रशासन कार्यालय, जिल्ला शिक्षा कार्यालय तथा राजनीतिक दलका प्रतिनिधिहरुलाई बुझाउने कार्य सम्पन्न गरेका थिए ।

## घरदैलो तथा सचेतना कार्यक्रम

विद्यालय भर्ना अभियान २०७५ लाई सफल बनाउनका निमित्त एनसिईई-नेपाल जिल्ला समन्वय समितिहरुले सार्वजनिक शिक्षालाई प्राथमिकतामा राखी सो सम्बन्धी जनचेतना फैलाउने उद्देश्यका साथ बैखाख २०७५ मा टोल-टोलमा घरदैलो कार्यक्रमहरु संचालन गरेका थिए । यसरी समुदायस्तरमा भर्ना अभियान सम्बन्धी घरदैलो तथा सचेतना

कार्यक्रमहरु एनसिई-नेपाल जिल्ला समन्वय समितिहरु मकवानपुर, पाल्पा, धनुषा, महोत्तरी, नवलपरासी र कालिकोटले सम्पन्न गरेका थिए । यसरी सञ्चालित घरदैलो कार्यक्रमहरुमा स्थानीय स्तरमा क्रियाशिल रहेका विभिन्न समूहहरु जस्तैः आमा समूह, वन उपभोक्ता समूह, बाल क्लब, आदिको सहभागीता रहेको थियो ।

## दिगो विकास लक्ष्य प्राप्तीका लागि जनसहभागिता

### वृहत् शैक्षिक ऱ्याली

सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त गरिएका विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु प्रति सरकारलाई जवाफदेही बनाउने र विकास प्रक्रियामा नागरिक सहभागितालाई सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराउने उद्देश्यका साथ एनसिई-नेपालले यहि वैशाख १५ गते शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा एक वृहत शान्तिपूर्ण शैक्षिक ऱ्याली काठमाडौमा सम्पन्न गरेको थियो । ऱ्यालीमा सहभागीहरुले सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त “दिगो विकास लक्ष्य ४ मा राज्यको जवाफदेहिता र नागरिक सहभागिता” भन्ने मूल नाराका साथ आफ्नो ऐक्यवद्धता जनाएका थिए । उक्त प्रकारका शैक्षिक ऱ्याली एनसिई-नेपाल जिल्ला समन्वय समितिहरु पर्वत, पाल्पा, कपिलवस्तु, रुपन्देही, चितवन, धनुषा, महोत्तरी, मोरङ्ग र बाँकेले पनि जिल्ला स्तरमा सम्पन्न गरेका थिए ।

### सार्वजनिक शिक्षा सुदृढीकरणका लागि हस्ताक्षर अभियान

दिगो विकास लक्ष्यमा सामूहिक जवाफदेहिता अभिवृद्धि गर्न विभिन्न अभियान तथा कार्यक्रमको क्रममा सरकारका प्रतिनिधि राजनितिक दल व्यवस्थापिका संसदका सदस्यहरु, नागरिक समाजका प्रतिनिधि, पत्रकार, विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाविद्, युवा लगायत सम्बन्धित सबै सरोकारवालाहरुले दिगो विकास लक्ष्यको सफल कार्यान्वयन र सार्वजनिक शिक्षाको सुदृढीकरणका लागि सामूहिक जवाफदेहिता अभिवृद्धि गर्न वैशाख १० देखि १७ सम्म हस्ताक्षर सहित प्रतिवद्धता जनाएका थिए ।

### विद्यार्थीहरुद्धारा सम्माननीय प्रधानमन्त्रीलाई खुल्ला पत्र

एनसिई-नेपालले यहि वैशाख २०७५ मा शिक्षाका लागि विश्वव्यापी कार्य सप्ताहको सन्दर्भमा सार्वजानिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबाट “मैले चाहेको विद्यालय” विषयमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई सम्बोधन गरी पत्र अभियान संचालन गरेको थियो । पत्र अभियान मार्फत २५ जिल्लाका २०० विद्यालयहरुबाट करिब ५,००० पत्रहरु संकलन गरिएको थियो । मदर्सा, गुरुकुल, गुम्बा तथा मातृभाषामा संचालन भएका विद्यालयहरुमा अध्ययनरत गरीब तथा पिछडिएका, सिमान्तकृत, विभिन्न भाषा तथा धर्म, फरक क्षमता भएका विद्यार्थीहरुले सम्माननीय प्रधानमन्त्रीलाई लेखेको पत्र मार्फत आफ्नो विद्यालयको वर्तमान अवस्था बारे चित्रण गर्दै त्यसको सुधारको निमित्त आफ्ना मागहरुलाई पत्रमा उल्लेख गरेका थिए । उक्त पत्रहरु नेपाली र अंग्रेजीको अतिरिक्त नेवारी भाषा तथा ब्रेल लिपीमा समेत लेखिएका थिए । सो पत्र एनसिई नेपालले असारमा प्रधानमन्त्रीज्यूलाई प्रदान गरेको थियो ।